जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः ११, अंकः १० पृष्ठः ४ | २०८१ वैशाख १६ गते आइतबार (Sunday 28 April 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## ग्लोबल आइएमई लघुबित्तद्वारा विद्यार्थीलाई ब्याग वितरण



लहान १५ बैशाख । सप्तरी बोदेबर्साइन बाट सम्बादाता उमेश साहले दिएको जानकारी अनुसार ग्लोबल आइएमई लघुबित्त बित्तीय संस्था लिमिटेडले बिहीबार आधारभूत विद्यालयका विद्यार्थीलाई ब्याग वितरण गरेको छ। कार्यक्रमको प्रमुख अतिथि बोदे बर्साईन नगरपालिकाका नगर प्रमुख आतेश कुमार सिंहले भने समाज परिवर्तनको लागि सबै व्यक्तिहरुले आफूबाट परिर्तनको सुरुवात गर्नु पर्ने बताउँदै आफूले ग्लोबल आइएमई लघुबित्त बित्तीय संस्था जति सहयोग गर्नु भयो नगरपालिकाबाट धन्यवाद व्यक्त गरे । नगर प्रमुख सिंहले भने हरेक विद्यार्थीका अभिभावकले आफ्ना बालबच्चहरुलाई सामाजिक सस्कार सिकाउन आवश्यक रहेको बताए । उनले विद्यार्थीहरुलाई आफूले भविष्यमा के बन्ने हो त्यो बाटोलाई विद्यालय जीवनबाटै पहिचन गरेर हिड्दा राम्रो हुने धारणा व्यक्त गरे। एक कार्यक्रमको अवसर पारेर बोदे बर्साईन नगरपालिका वडा नम्बर -७ हैठी स्थित श्री सामुदायिक राष्ट्रिय शिव शंकर आधारभूत विद्यालयका विद्यार्थीलाई ब्याग वितरण गरिएको हो सामाजिक उत्तर दायित्व अन्तर्गत शैक्षिक गुणस्तर सुधारका लागि विद्यार्थीलाई ब्याग वितरण गरिएको संस्थाका अनुगमन प्रमुख हेम लाल पौडेलले जानकारी दिनुभयो ।

बोदे बर्साईन शाखाका प्रमुख संजित कुमार गिरिका अनुसार उक्त विद्यालयका ९५ जना विद्यार्थीले ब्याग पाएका छन् । सामुदायिक विद्यालयका विद्यार्थीको सहजताका लागि संस्थाले ब्याग वितरण गरेको हो । ग्लोबल आइएमई लघुबित्त बित्तीय संस्था लिमिटेडले समुदाय केन्द्रित सहयोगका कार्यक्रमलाई निरन्तरता दिँदै यसअघि बोदे बर्साईन बजार एरियामा दस्ट बिना वितरण गरेको थियो । ब्याग वितरण कार्यक्रममा समाजसेवि तथा बिधालयका अध्यक्ष बिश्ववर प्रसाद यादव , विद्यालयका प्रधानाध्यापक निलम कापैर ,वडा सदस्य पुनिता यादव , राम चन्द्र यादव , सिरहा लक्ष्मिपुर पतारीका शाखा प्रमुख योगेन्द्र प्रसाद यादव , शिक्षक लगायत स्थानियहरुको सहभागिता रहेको थियो ।

## मर्ज हुन लागेको बिधालय बि.ब्य.स. को सक्रियताले हराभरा बन्दै



लहान १५ बैशाख । सिरहाको ज.आ.बि. लहान १३ घलेटोल र CRC नेपालको पहलमा बिधार्थी भर्ना अभियान अन्तर्गत अति बिपन्न समुदाय सदाय बस्तिमा घरदैलो कार्यक्रम सम्पन्न भएको छ। बिगत एक बर्ष अगाडी यस बिधालयको अबस्था नाजुक भै मर्ज अबस्थामा पुगेको थियो। यो बिधालय अतिबिपन्न दलिद गरीब सदाय र राम बस्तीको बिचमा रहेको छ ।

चाहे के हुदैन जब स्थानीय समाजसेवी अमिरलाल यादवको नेतृत्वमा बिधालय ब्यबस्थापन समिति बन्यो अनि त्यो दिन देखि बिधालयमा प्रगति हुदै गयो ।

अहिले त्यही मर्ज हुन लागेको बिधालय हराभरा भएका छन। यहाँ सोचनिय बिषय के रहेको छ भने बिधालय,बिद्यार्थी, शिक्षक, अभिभावक र समुदाय उहि छन। पहिला पनि उहि थियो तर एक बर्ष भित्र यत्रो ठुलो परिवर्तन कसरी भयो त? कारण एउटै छ समितिको ब्यबस्थापन अभिभावकको चासो शिक्षक टिमको मेहनत र बिद्यार्थीको लगन यी सब कारणले अहिले बिधालयको मुहार फेरिएको छ ।

बिद्यार्थी भनेको देशको भबिष्य हो यसलाई राम्रो बनाउन सबै पक्षको उतिकै जिम्मेवारी हुन जरुरी छ। निजि बिधालय र सरकारी बिधालयको तुलना गर्नु पर्दा निजि बिधालय भन्दा कयौ गुना बढि राम्रो सरकारी बिधालय हो तर त्यसलाई हाम्रो समाजले नकार्छन।

जबकी सरकारी बिधालयमा धेरै बर्षको अनुभवी शिक्षक छन। सुबिधा सम्पन्न भौतिक संरचना छन। सरकारको करोडौं लगानी रहेको अबस्था हुदाहुदै पनि सरकारी बिधालय प्रति अभिभावकको बिश्वास छैन किन ? यसको एउटै कारण हो फोहरी राजनैतिक। हो देश बिकासको लागी राजनैतिक अति आवश्यक छ तर त्यो राजनैतिक स्वच्छ हुन जरुरी छ ।

बिभिन्न संघसंगठनमा बिभाजित भएर समुदाय अनेक ठाउँमा बिभाजन भएका छन जे काममा फोहरी राजनैतिकका कारण देशको अबस्था अहिले यस्तो भएको छ जुन कुरो सबैलाई थाहा छ। जे भए पनि अनेक समस्याका बाबजुद अमिरलाल यादवको नेतृत्वको बि.ब्य.स.ले बिधालय राम्रो बनाउन सराहनीय काम गरेको छ। अझ राम्रो प्रगति होस ।

राम्रो बिद्यार्थी उत्पादन होस सबैको चाहना छ र यसका लागी घलेटोल बासी हमेसा चनाखो र हन जरुरी देखिन्छ।




## देवसागर पोखरीको माछालाई सुनको नथिया



लहान १५ बैशाख । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका ३ पोर्ताहामा रहेको शक्तिपिठ माँ रजदेवी भगवती मन्दिर परिसरमा रहेको देवसागर पोखरीमा रहेको एउटा माछाको सुनको नथिया लगाउनुको साथै ४१ भगवती स्वरुपा कुमारी कन्या भोजन तथा १०१ मुर्ते भंडारा बिधिवत रुपमा सम्पन्न भएको छ।

हिन्दुधर्मा लम्बिहरुको ठुलो आस्थाको रुपमा रहेको यो मन्दिर मा लगभग १०/१२ गाउँका मानिसहरु दिन्हु पुजाआजा गर्न र बलि चढाउन आउने गरेको पाइन्छ। पुर्व वाडाअध्यक्ष महेन्द्र प्रसाद यादव र स्थानीय नेता सतेलाल यादवको अनुसार यस भेगका हिन्दुधर्मालम्बीहरु भाकल गर्ने, पुजाभण्डारा गर्ने अस्टजाम गर्ने कार्यहरु प्राय: दिन्हु भैरहेको बताउछन। जसको फलस्वरुप यस क्षेत्रमा शान्ती सुरक्षा कायम रहेको जनविश्वास रहेको पाइन्छ। हुन त केहि बर्ष अगाडी यस मन्दिर परिसर भित्र खासै उन्नति र प्रगति हुन सकेको थिएन तर बिगत दश बर्ष यता आम नागरिक लगायत सरकारहरुले यस मन्दिरलाई प्राथमिक्तामा राखेर काम काज अगाडी बढाएको देखिन्छ तर यस मन्दिरलाई हाल सम्म बिश्व सम्पदा सुचिमा पुर्याउन सकेको देखिदैन जबकी यहाँ ब्यापक रुपमा पर्यटक भित्र्याउने प्रवल सम्भावना छ। बर्षेणी नयाँ बर्षको उप्लक्षमा ठुलो मेला लाग्ने यस मन्दिर तर्फ सरोकारवालाको ध्यानाकर्षण हुन अति आवश्यक देखिन्छ।

# सम्पादकीय

## लगानीलाई कानुनी प्रवन्ध

नेपाल र नेपालीलाई समृद्धिको भोक चर्कै लागेको छ। त्यो भोक पूरा गर्ने भनेको आर्थिक अवस्थाको सुधारले हो। त्यो सुधार भनेको मुलुकमा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीको वृद्धिले हो। तर स्वदेशकै लगानीकर्ता पनि छटपटीमा छन्। उनीहरू लगानीका लागि अनेक झमेला सामना गरिरहेका छन्।

एक त सत्तामा भइरहेको अस्थिरताले वाक्क बनाएको छ, त्यसमाथि कानुनी अल्झन् र बल्झन उत्तिकै छन्। यसबीचमै केही समयपछि सरकार लगानी सम्मेलन गर्ने भनेर तातेको पनि छ। हो, त्यसका लागि पनि नेपालको कानुनी प्रक्रिया झन्झटिलो छैन भन्ने सन्देश विदेशी लगानीकर्तालाई दिनु आवश्यक छ र व्यवहारमा पनि सोहीबमोजिम सहजपना हुन जरुरी छ। सरकारले केही नेपाल ऐन संशोधनको अध्यादेशै ल्याएको छ। त्यसबाट उद्यम व्यवसायका लागि सहज हुने कानुनी प्रबन्ध मिलाउने गरी विशेष आर्थिक क्षेत्र, वन, निकुञ्ज र भूमिसम्बन्धी ऐनहरूमा संशोधन भएको छ। उद्योग खोल्नेका लागि आवश्यक जमिनमा हदबन्दीका कुरामा सरकारले लचिलोपन ल्याएको छ। जुन स्वागतयोग्य छ। राष्ट्रिय निकुञ्जभित्रै कुनै बेला भव्य रिसोर्टहरू थिए। पछि ती बन्द गरिए। आवश्यकता हेरी र वन्यजन्तु तथा वातावरणलाई क्षति नपुर्‍याउने गरी निकुञ्जभित्र गतिविधि गर्न दिने कुरा मनासिव छ।

वनसम्बन्धी कानुनले नेपालको विकास निर्माणमा धेरै अवरोध गरेको छ। वनमा भएको खानी उत्खनन गर्न वातावरणलाई असर नगरी सम्भवै छैन। तर अहिले पनि सरकारले वातावरणलाई असर नपर्ने भएमा अनुमति दिने शैलीकै संशोधन गरेको छ, जुन खासमा उपलब्धिमूलक मान्न सकिन्न। वातावरणको कम क्षति गर्ने वा एक ठाउँको क्षतिपूर्ति अर्को ठाउँमा गर्ने व्यवस्था गरिनुपर्छ। तर वन तथा वातावरणमा कत्ति असर नगरी काम गर्ने भन्नु भनेको कामै नगर्नू भन्नु सरह नै हो।कम्प्युटर तथा सफ्टवेयरसम्बन्धी कामका लागि विदेशमा शाखा खोल्ने नेपालमा विदेशी मुद्रा भित्र्याउने भन्नेसम्बन्धी व्यवस्थाले पछिल्लो समय सूचना प्रविधि सेवामा भइरहेको निर्यातलाई पक्कै वृद्धि गर्नेछ। नवप्रवर्तनका लागि पनि सरकारले केही सहज व्यवस्था गरेको छ। तर सरकारले अहिले गरेको संशोधन र कानुनी व्यवस्था अझै पर्याप्त छैन।

विदेशी वा स्वदेशी लगानीकर्तालाई सरकार सेवा अत्यन्तै सहजै उपलब्ध गराउने किसिमको व्यवस्था आवश्यक छ। र, लगानी गर्ने ठाउँमा पनि कुनै खालको बाधा अवरोध नहुने सुनिश्चितता प्रदान गरिनुपर्छ। तबमात्रै लगानीकर्ता प्रोत्साहित हुन्छन्।

## फिल्म 'आँखा'को फर्स्टलुक पोस्टर सार्वजनिक




काठमाडौं, १५ वैशाख। निर्देशक जौन योञ्जनले निर्देशन गर्ने फिल्म 'आँखा'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ। फर्स्ट लुक सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति आगामी असार १४ गतेलाई घोषणा गरिएको छ।

फिल्म आधुनिक समाजमा तल्लो वर्गले बाँच्नका लागि गर्ने संघर्षमा बनेको बताइएको छ। यो फिल्म दुःख र एक्लोपनभित्रको रमाइलो कथा 'आँखा' भएको निर्देशक बताउछन्।

निर्देशक योन्जन स्वयंको कथा तथा पटकथा लेखन रहेको फिल्ममा निशा अधिकारी, बुद्धि तामाङ, विजय बराल, सरोज खनाल, पशुपति राई, कृष्णभक्त महर्जन, राजन खतिवडा, प्रविण खतिवडा, लुनिभा तुलाधर, रविन्द्र झा, स्मिता लामिछाने, आरके मेहता, अभयराज बरलसहित बाल कलाकारमा प्रसन राईको अभिनय छ।

कृष्ण भण्डारी र निर्देशक योन्जनको सम्पादन रहेको फिल्ममा आलोक शुक्लाको छायांकन, दीपक आरजेको संगीत तथा रेवन्तविक्रम थापाको द्वन्द्व निर्देशन छ।

# मटिहानी आगलागी पीडितहरूको गुनासो : चार रात भो सुत्नै पाएका छैनन



**अली असगर देवान** महोत्तरी, १५ वैशाख । महोत्तरीको मटिहानी नगरपालिकाका आगलागी पीडितहरूको बिचल्ली भएको छ । आगलागीबाट घर जलेर नष्ट भएपछि उनीहरू चार रातदेखि बाहिरै छन् ।

अत्यधिक गर्मीले समेत उनीहरूलाई सताएको छ। मधेश प्रदेशको (४० डिग्रीमाथि)को चर्को घाममा उनीहरू त्रिपालभित्र बसेर दिन र रात काटिरहेका छन् ।

मटिहानी नगरपालिका ६ मा बसोबास गर्ने उनीहरू बुधवार देखि बाहिरै छन् । अगलागी पीडितहरूले अत्यधिक गर्मीका कारण रातभरि निद्रा नलाग्ने दुःखेसो पोखे। पीडित २५ वर्षीय अजमेरी खातुनले रातभरि सुत्न गाह्रो भइरहेको बताइन् । उनको घर आगलागीमा परेर पूर्णरुपमा नष्ट भएको छ ।

उनले भनिन्, 'गर्मी बढी छ, पङ्खा जलेर नष्ट भएको छ। त्रिपालभित्र बस्दा निन्द्रा लाग्दैन, बच्चाहरू पनि रोइरहेका हुन्छन्, म पनि रातभर जागेर नै बिहान हुन्छ, बिहान ५ बजेपछाडि अलि शीतल भएपछि एक छिन सुत्छौं । त्यो पनि केही समयका लागि ।' बिहान १० बजे पछाडि घटना बुझ्न र हेर्न मान्छे आउन थालेपछि सुत्नै नपाइएको गुनासो उनको छ ।

खातुनका ७ भाइ बहिनी र एक छोरीसहित आमा बुवा पनि त्यही सुत्छन् । पछिहारी टोलका ७३ वर्षीय सलिम नदाबको भनाइ पनि अजमेरीको भन्दा फरक छैन ।

घरमा भएको खाद्यान्नदेखि सबै लत्ताकपडा जलेर नष्ट भएपछि उनी पनि चार दिनदेखि बाहिर त्रिपालमुनि दिन र रात कटाइरहेका छन् । उनले पनि राम्रोसँग सुत्न नपाएको गुनासो गरे । उनी जलेको घर अगाडि त्रिपाल टाँगेर बसेका छन् । 'कोही आउँला, हाम्रो घर पहिलाको जस्तै बनाइदेला भन्ने आशामा दिन काट्ने दैनिकी बनेको छ,' ज्येष्ठ नागरिक नादाबले भने ।

सोही टोलकी १२ वर्षीया प्रवीण खातुनले पनि आफूहरू निकै कष्ट सहेर बसिरहेको बताइन् । उनले भनिन्, 'बिहानको समयमा अलि निद्रा लाग्छ, त्यो बेला चिसो पनि हुँदोरहेछ। त्यो बेला हामी निदाउँछौं । नत्रभने अरू बेला एकदम गर्मीले गाह्रो भइरहेको छ, पहिला पङ्खा थियो । मज्जाले निद्रा लाग्थ्यो, अहिले जलेर नष्ट भएपछि सुत्न कठिनाइ भइरहेको छ ।'

उनले खाद्यान्नजस्तै पङ्खा पनि सहयोग आइदिए ठुलो राहत हुने आशा व्यक्त गरिन् ।

मधेशको टन्टलापुर घाममा बस्दा उनीहरूलाई स्वास्थ्यमा पनि समस्या भइरहेको जिल्ला महिला सञ्जाल महोत्तरीकी संयोजक इसरागन यादव बताइन् ।

उनले भनिन्, 'हामी महिलाहरूको समस्या बुझ्न त्यहाँ पुग्दा केही महिलाले हातमा घाउ आएको, आँखा पोल्ने जस्ता समस्या देखापरेको सुनाए । अब हामी ती समस्याहरू समाधानका लागि स्वास्थ्य शिविर चलाउन पहल गरिरहेका छौं ।' चाँडै स्वास्थ्य शिविर चलाएर समस्याको समाधान गराउने कोसिस गरिरहेको उनले बताइन् । घटना भएको दिन आगोले धेरैको आँखामा समस्या ल्याएको पीडितहरूको गुनासो छ ।

त्यो बेलाको तापले अहिले पनि आँखा पोल्ने पीडितहरूको गुनासो छ ।

आगलागी पीडितहरूका गुनासाबारे न मधेश सरकार, न त केन्द्र सरकारले नै चासो दिएको छ । सरकारले राहत प्याकेज ल्याउन समेत नल्याएको पीडितहरूको गुनासो छ । । पूर्णरुपमा घर जलेर नष्ट भएकाहरू अहिले घर कसले बनाइदेला भन्ने चिन्तामा छन् । 'जो आउँछन्, फोटो खिच्छन् ।

त्यसपछि सबै घटनाबारे सोध्छन्, तपाईंहरुको समस्याको समाधान हुन्छ भनेर जान्छन्,' एक पीडितले भने । तर सरकारीस्तरबाट कुनै किसिमको ठोस राहत नआएको उनको भनाइ छ ।

अगालागीबाट १०३ घर पूर्णरुमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख नकुल पोखरेलले जानकारी दिए ।

सो घटनाबाट ४७० जना पीडित भएको पोखरेलले जनाए । पोखरेलका अनुसार आगलागीबाट करिब १ करोड ६२ लाख भन्दा बढीको क्षति भएको छ ।

# कांग्रेस कार्यकर्ताले लगाए मधेशको पूर्वाधार कार्यालयमा ताला



रौतहट,१५ वैशाख । मधेश प्रदेश सरकारबाट कांग्रेस पार्टी बाहिरिए पनी नेता कार्यकर्ता योजनाको लागी दाबी छोडेका छैनन्। मन्त्री परिवर्तन संगै योजनाको बाँडफाँडको विषयमा उत्पन्न विवादको कारण पूर्वाधार विकास कार्यालय रौतहट मारमा परेको छ।

योजनाकै विषयमा दुईदल बिच भागबण्डाको सहमती नहुँदा प्रदेश सरकारबाट बाहिरिएका कांग्रेस नेता कार्यकर्ताहरुले पूर्वाधार विकास कार्यालयका कर्मचारी माथी कमिसनको आरोप लगाउँदै कार्यालयमा तालाबन्दी समेत गरेका छन्।

पूर्व भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण प्रसाद पक्ष र बर्तमान मन्त्री सरोज कुमार यादवको कार्यकर्ता बिच भएको अडानको कारण अहिले पूर्वाधार कार्यालय रौतहट बदनाम खेप्नु परेको छ।

नेपाली कांग्रेस पार्टीले जिल्ला समन्वय समिति रौतहटमा ज्ञापनपत्र बुझाएको छ। काँग्रेसका जिल्ला सभापति एवं प्रदेश सदस्य सुनिलकुमार यादव जितेन्द्रको नेतृत्वमा गएका नेता कार्यकर्ताहरुले समन्वय समितिका सभापति रामअयोध्या राय यादवलाई ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्र बुझाउँदै सभापती जितेन्द्रले पूर्वाधार विकास कार्यालयको बेथिति अन्त्य गर्न आग्रह गरेका थिए। आर्थिक बर्ष २०८०/०८१ मा रातो कितावमा रहेका मधेश प्रदेश सरकार मार्फत यस जिल्लामा परेको योजनाहरु पूर्वाधार विकास कार्यालयका प्रमुख र कर्मचारीको योजनाको पत्र दिनु अघि कमिशन लिई रहेको कांग्रेस सभापती जितेन्द्र यादवले बताएका छन्।

योजना विक्रीगरेर प्रमुख विनोद ठाकुर सहितका कर्मचारीहरु सिंगो पूर्वाधार विकास कार्यालयलाई बदनाम गराईहेको र इन्जिनियर रामबाबु साहले खुलेआम १५ प्रतिशत दरले कमिशन माग्ने गरेको कांग्रेसको आरोप रहेको छ।

भौतिक पुर्वाधार विकास मन्त्री सरोज कुमार यादबको निर्देशनमा जिल्लामा विनियोजित बजेट रकमी चलखेलको आधारमा बिक्री वितरण भईरहेको तथा उभोक्ता समिती बाट १० प्रतिशत र कम लिएर मात्रै भुक्तानी दिईरहेको पनि उनीहरुले आरोप लगाउँदै बुधवार नेपाली कांग्रेस रौतहटले कार्यालयमा तालाबन्दी समेत गरेको थियो।

उता भौतिक पूर्वाधार कार्यालय गौरका प्रमुख बिनोद कुमार ठाकुरले कांग्रेसले लगाएको सम्पूर्ण आरोपको खण्डन गरेका छन्। उनले कसैको काम गरेको बापत एक टुका सुपारी खाएको भएपनि पुष्टि गर्न कांग्रेस पक्षलाई चुनौती दिएका छन्।

अब मात्र मेरो जागिर डेढ महिना बाँकी छ यदी मेरै कारण कांग्रेसका नेता कार्यकर्तालाई कठिनाई भएको छ भने म अहिले राजीनामा दिन तयार छु प्रमुख ठाकुरले बताएका छन्। यस अघि कृष्ण यादव भौतिक पूर्वाधार मन्त्री हुँदा रौतहटको लागी विनियोजन गरेको सम्पूर्ण योजना उहाँहरुकै निर्देशन अनुसार वितरण भएको छ।

भौतिक पूर्वाधार मंत्रालय मातहत पछि डिवीजन सडक कार्यालय मर्ज गर्दा सोही कार्यालय संग सम्बन्धित केही योजना बाँकी रहेको छ। पूर्व मन्त्री संग सम्बन्धित कांग्रेस जिल्ला सभापति सुनिल कुमार यादव जितेन्द्र लगायत नेता कार्यकर्ता आएर ती सबै योजना हाम्रो पालामा आएको हो, त्यो सबै योजना हामीले भने अनुसार को हुनुपर्ने अडान राखेका छन्।

उता बर्तमान मन्त्री सरोज कुमार यादव पक्षले कांग्रेस नेताको निकट भएको योजना छ भने उहाँहरू लाई दिनुस् बाँकी योजना हामीले भने अनुसार हुनुपर्ने अडान लिएका छन्।

यसै बिषयमा रौतहटका सिडियो हिरालाल रेग्मीले चाडो लिंदा आफूले अवस्थाको बारेमा जानकारी दिएर यो समस्याको समाधान दुवैदलका नेता बसेर टुंगो लगाउन आग्रह गरेको भौतिक पूर्वाधार विकास कार्यालय गौरका प्रमुख बिनोद कुमार ठाकुरले स्पष्ट पारेका छन्।

तर कांग्रेस सभापति जितेन्द्र सहित कांग्रेसका नेताहरु त्यसो नगरेर बलपूर्वक कार्यालयमा तालाबन्दी गरेर झुठा आरोप लगाएको ठाकुरले जानकारी दिएका छन। सडक डिवीजन संग सम्बन्धित झण्डै २० करोड रुपैयाँको योजना वितरण गर्न बाँकी रहेकाले दुवै दलका नेताहरु प्रदेश स्तरमै बसेर सहमती गरेर काम अगाडी आग्रह गरेका छन।

उता कांग्रेस नेता कार्यकर्ताहरु आफ्नै अडानमा कायम रहेका छन्। कार्यालयमा तालाबन्दी गरेर समस्या समाधान नहुने तथा रकम फ्रिज गराएर जिल्लाको जनताको साथ अन्याय हुने भएकाले त्यसो नगरी तुरुन्त समाधानको बाटो पहिल्याउन जानकारहरुले सुझाव दिएका छन्।

# धितोमा रहेको अचल सम्पत्ति बिक्रिकोलागि गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको सूचना

प्रकाशित मिति : २०८१।०१।१६ गते

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले विभीन्न शिर्षक अन्तर्गत लिएको ऋणको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋण चुक्ता नगरेकोले उल्लेखित ऋणीहरुलाई पटक-पटक पत्राचार गरिएको, राष्ट्रिय दैनिक पत्रिका मार्फत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा पनि कर्जाको सावाँ ब्याज तथा हर्जाना ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले ऋणीहरुको धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको सम्पति जहा जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा आजका मितिले १६औं दिनमा यसै वित्तीय संस्थाको गोलवजार शाखामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत तथा ब्यक्तिगत जमानत दिनुहुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्री गरिने बारे यसै सुचना द्वारा जानकारी गराउँदछौं । सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्री गर्दा पनि वित्तीय संस्थाको सम्पुर्ण लेना असुल उपर नभएमा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा बित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा सोको नियमावली, २०५९ अनुसार ऋणी, ब्यक्तिगत जमानीकर्ता तथा धितो जमानीहरुको अन्य चल अचल सम्पतिहरुवाट धितोले नखामेको बक्यौता रकम असुल उपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरिने ब्यहोरा ऋणी, ब्यक्तिगत जमानीकर्ता, धितो जमानीहरु तथा सम्बन्धित सबैलाई यसै सुचना द्वारा जानकारी गराइन्छ । साथै धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रमा कालो सूचीमा सूचीकृत गर्नको लागि सिफारिस गरिने ब्यहोरा समेत यसै सूचना द्वारा अवगत गराईन्छ ।

| कर्जा नं | ऋणीहरुको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| १ | धमिनि ईटा उधोग<br>प्रो.श्री देव कुमार श्रेष्ठ<br>ठेगाना:जि. सिरहा, चन्द्रलालपुर .०१ हाल.जि.सिरहा,गोलवजार न.पा.०७<br>बाजे को नाम : श्री छत्र बहादुर श्रेष्ठ<br>बुवा को नाम : श्री हरि बहादुर श्रेष्ठ<br>कर्जा.न.००३०३२०००२९८३००००२ (उधोग) | निज ऋणीको आमा र काका को नाउमा दर्ता कायम रहेको जि. सिरहा, चन्द्रअयोध्यापुर वार्ड नं.१ख को कि.नं. ४८३ को ०-६-१०-०,कि नं.४८६ को ०-३-२-०, कि.नं.४९२ को ०-१०-१२-०, कि.नं.५०२ को ०-२-४-० र निज ऋणीको काका को नाउमा दर्ता रहेको जि. सिरहा, चन्द्रअयोध्यापुर वार्ड नं. १ख, कि.नं. ३०० को ०-५-१-० जग्गा । |
| २ | मनोज खाधयान्न भण्डार<br>प्रो. पुलकित साह हलुवाई<br>ठेगाना:जि. सिरहा मिर्चैया न.पा.०५ हाल.न.पा.०७<br>बाजे को नाम : श्री नेवा साह<br>बुवा को नाम : श्री बलदेव साह<br>कर्जा नं. ००३०३१०००११४०९००००२(ब्यापार कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि.सिरहा,रामनगर ,गा.वि.स.वार्ड.नं.४क, कि.नं. ३८८९ को ०-०-९.५-०, कि.नं. ३८९१ को ०-०-११-०, जग्गा । |
| ३ | लक्ष्मी कृषि फर्म<br>प्रो.श्रीमति ककुलती वति देवी<br>ठेगाना : जि.सिरहा, सितापुर.प्र.रा.गा.वि.वार्ड नं.०९ हाल जि. सिरहा, मिर्चैया न.पा. ११<br>ससुरा को नाम : श्री महादेव यादव<br>पति को नाम :श्री राम एकवाल यादव<br>कर्जा न.००३०३७११५६००००००२ (सवसिडि कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, सितापुर वार्ड नं. ३ क, कि.नं. ६०३ को ०-०-१३-० जग्गा , जि. सिरहा, सितापुर वार्ड नं. ३ क, कि.नं. ६०५ को ०-१-०-० जग्गा र जि. सिरहा, ग.महेशपुर वार्ड नं. ६ , कि.नं. २६२ को ०-१२-१८-० जग्गा । |
| ४ | श्रीमति बविता कुमारी साह<br>ठेगाना : जि.सिरहा, थल्हा कटहा वार्ड नं.०७,<br>हाल जि.सिरहा, मिर्चैया न.पा. ०६<br>ससुरा को नाम : श्री राम अशिष तेली<br>पति को नाम : श्री रामनाथ साह<br>कर्जा.नः ००३०३८०००११५२९००००२ (ब्यक्तिगत कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा,<br>रामनगर,.वार्ड नं.४क,<br>कि.नं. १००७ को ०-५-०-० जग्गा । |
| ५ | विना पशुपालन फर्म<br>प्रो. श्रीमति विना कुमारी<br>ठेगाना :जि.सिरहा, वेतौना वार्ड नं.०९ हाल जि. सिरहा, गोलवजार न.पा.१२<br>ससुरा को नाम : श्री देव नारायण महतो<br>पति को नाम : श्री उपेन्द महतो<br>कर्जा न.००३०३७०००११५७९००००२ (सवसिडि कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, फुलवरीया वार्ड नं.२ख, कि.नं. ३९३२ को ०-१-७-८ जग्गा । |
| ६ | देवकी कलेज अफ म्यानेजमेन्ट एण्ड साइन्स<br>प्रो.श्री राम एकवाल नायक<br>ठेगाना :जि सिरहा, मल्हनियाखोरी वार्ड नं. ०५ हाल जि. सिरहा, मिर्चैया न.पा.वा.न. ०६<br>बाजे को नाम : श्री मिश्री साहु को नाती<br>बुवा को नाम : श्री राम जतन<br>कर्जा न.००३०३१००००४९४७००००२ (व्यपार कर्जा) वार्ड नं.३क, कि.नं. ३२३६ को ०-०-२-८ जग्गा । | निज ऋणीको बुवा श्री राम जतन साहु को नाउमा दर्ता कायम रहेको जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१५० को ०-३-२.५-० जग्गा , श्री देवकी कलेज अफ म्यानेजमेन्ट एण्ड साइन्स को नाउमा दर्ता कायम रहेको जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१४९ को ०-१-०-१३ जग्गा , जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१४८ को ०-१-०-१४ जग्गा, जि. सिरहा, मल्हनियाखोरी<br>क्रमशः |

| | | |
|---|---|---|
| ७ | श्री श्याम सुन्दर यादव<br>ठेगाना : जि.सिरहा,असनपुर वार्ड न.०७ हाल जि.सिरहा,गोलवजार न.पा.०४<br>बाजे को नाम :श्री रघुनाथ यादव<br>बुवा को नाम :श्री चन्द्रदेव यादव<br>कर्जा न. ००३०३८००००२९४७००००० २(व्यक्तिगत कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा,लालपुर.वार्ड नं.०९,कि.नं.१९१ को ०-७-१०-० जग्गा ,कि.नं.१९२ को ०-३-१५-० जग्गा ,कि.नं.१९३ को ०-३-१५-० जग्गा र कि.नं.१९४ को ०-७-१०-०को जग्गा । |
| ८ | जेनी ट्रेर्डस<br>प्रो.श्री राम उदगार यादव<br>ठेगाना:जि.सिरहा,आयोध्यानगर.वार्ड.न.०३.हाल जि.सिरहा,गोलवजार न.पा.०६<br>बाजे को नाम :श्री राम लखन यादव<br>बुवा को नाम :श्री राज कुमार यादव<br>कर्जा न. ००३०३१००००२७७००००००१(व्यपार कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा,असनपुर.वार्ड नं.९, कि.नं.९२५ को ०-०-१०-०को जग्गा । |
| ९ | मनोज जेनरल स्टोर<br>प्रो. श्री बेचन साह<br>ठेगाना:सिरहा,बल्कवा.वार्ड.नं.०९,हाल.जि.सिरहा,गोलवजार न.पा.११<br>बाजे को नाम :श्री गुदरी साह<br>बुवा को नाम : राम फल साह<br>कर्जा.नं:००३०३१०००११३१४००००० २ (व्यापार कर्जा) | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, असनपुर ,.वार्ड नं.७.क, कि.नं. ८१९ को ०-०-९-० जग्गा । |

शर्तहरु :

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यसै वित्तीय संस्थाको शाखा कार्यालय गोलवजारमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र सादा कागजमा लेखी बोलपत्रबालाको सम्पुर्ण बिबरण (नाम, ठेगाना र सम्पर्क नं.) तथा हस्ताक्षर सहित खाम बन्दी गरी बाहिर "जग्गा खरीदको बोलपत्र" समेत स्पष्ट रुपमा लेख्नु पर्नेछ ।
३. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको धितोमा रहेको सम्पति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ र आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम यस वित्तीय संस्थाको मुक्तिनाथ विकास बैंक लि., गोलवजार शाखाको हिसाव नं. ०७५१०२००३४९३९५००००01 मा जम्मा गरेको बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम दिन वित्तीय संस्था विदा भएमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन पनि वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको ७ (सात) दिन भित्र बाकी कबुल रकम वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. बोलपत्र आंशिक वा पुर्णरुपमा स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ ।
९. दाखिल खारेज गर्न अड्डामा लाग्ने दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
१०. अन्य थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको गोलवजार शाखा कार्यालयमा सम्पर्क गर्न सकिने छ

**बोलपत्र खोल्ने मिति : २०८० साल वैशाख ३१ गते सोमबारका दिन दिउंसो ०२:०० बजे ।**

**जानकी फाइनान्स कम्पनी लिमिटेड**
**गोलबजार शाखा**
गोलबजार न.पा.-०४
सम्पर्क नं.०३३– ५४०६०७, ५४०६०८

# पूर्ण नतिजाका लागि पर्सिसम्म कुर्नु नपर्ला : प्रमुख निर्वाचन आयुक्त



काठमाडौं वैशाख १५। निर्वाचन आयोगले मतगणना थालेको १२ घण्टाभित्र अन्तिम नजिता दिन निर्देशन दिएको छ । शनिवार इलाम क्षेत्र नम्बर २ र बझाङ क्षेत्र नम्बर १ को प्रदेश सभा १ मा भएको उपनिर्वाचन सम्पन्न भएको छ ।

निर्वाचन सम्पन्न भएसँगै मतपेटिका सङ्कलन गरेर राजनीतिक दलहरूको सहमतिमा मतगणना अघि बढ्ने प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले जानकारी दिए । उनले पर्सिसम्म दुवै क्षेत्रको मतगणना सम्पन्न हुने बताएका हुन् । थपलियाले भने, 'आजदेखि मतगणना थाल्ने भनेका छौं ।
राजनीतिक दलहरूसँग पनि कुरा भएको छ । उहाँहरू पनि तयार नै देखिनुभएको छ । इलाममा लगभग ११ बजेसम्म सबै मतदान केन्द्रबाट एक ठाउँमा मतपेटिका आइसक्छ । उता बझाङमा भोलि बिहान १० बजेसम्म मतपेटिका एकै ठाउँ आइपुग्छ । मतगणना सुरु भएको १२ घण्टाभित्र नतिजा निकाल्नु भनेर हामीले भनेका छौं । पूर्ण नतिजाका लागि पर्सिसम्म कुर्नु नपर्ला ।'

उपनिर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको आयोगले जनाएको छ ।

बालबालिकाले आफै मोबाईल चलाउँदैनन् । अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ ।

## मुखको स्वास्थ्यमा ध्यान दिऔं

- दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदा,
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

**नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)